"नगर सरकार, जनताको घरघर "

मंगलसेन नगरपालिका दोश्रो नगर सभाको पहिलो अधिवेशन -२०७९ असार १०_ मा

नगर कार्यपालिकाको तर्फबाट बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं नगर उप-प्रमुख श्री संगिता कुमारी रावलज्यूले प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०७९।८० को

# बजेट तथा कार्यक्रम

# मंगलसेन नगरपालिका

सुदुरपश्चिम प्रदेश, अछाम

नेपाल

१. यस सम्मानित नगरसभाका सभाध्यक्ष महोदय, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु, पत्रकार मित्रहरु, एवंम् प्रत्यक्ष प्रशारण सुनिरहनु भएका सम्पूर्ण नगरवासी आमा, बुवा, दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक नमस्कार व्यक्त गर्दछु ।

२. नेपालको संविधानको धारा २३०, स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ७१ अनुसार कार्यपालिकाबाट स्वीकृत आय–व्ययको अनुमानमा गत आर्थिक वर्ष २०७७।०७८ को आय र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्ष २०७८।०७९ को असार मसान्तसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०७९।८० को योजना तथा कार्यक्रम र आय–व्ययको अनुमानित विवरण नगर सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

<u>**सभाध्यक्ष महोदय**</u>

**अब म, आर्थिक वर्ष २०७७।७८ को यथार्थ र चालु आ.व. २०७८।७९ को वर्तमान अवस्था र विश्लेषण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

३. आर्थिक वर्ष २०७८।७९ मा ५३ करोड ६३ लाख २४ हजार ४ सय ४३ रुपैंया आय अनुमान रहेकोमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएको ससर्त अनुदान थप भइ संशोधित आय ६१ करोड ४७ लाख ९० हजार १ सय ४१ रुपैया ४५ पैंसा प्राप्त भएको छ । हालसम्म ३९ करोड २ लाख ९४ हजार ३ सय ५५ रुपैंया १२ पैंसा (६३.४८ प्रतिशत) खर्च भएको छ ।

४. नगरपालिकालाई कानूनी शासन मार्फत सक्षम र प्रभावकारी ढंगले संचालनका लागि २१ वटा ऐन, ९ वटा नियमावली, ३१ वटा कार्यविधि, ३ वटा दिग्दर्शन र ६ वटा निर्देशिका गरी जम्मा ७० वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ ।

५. नगरपालिकाको कार्यप्रक्रिया, वित्तीय प्रणाली व्यवस्थित, पारर्दर्शी, विधिसम्मत र प्रभावकारी वनाउन सफल भएका छौँ । जस अन्तर्गत प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७८ अनुसार अछाम जिल्लाका दश वटै स्थानीय तह मध्ये प्रथम स्थान, सुदुरपश्चिम प्रदेशमा पाचौँ स्थान र नेपाल भर एघारौँ स्थानमा पुर्याउन सफल भएका छौँ साथै स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कनका आधारमा जिल्लामै पहिलो स्थान पार्न

सफल भएका छौं र यस्ता मूल्याङ्कनका आधारमा नगरपालिकाको कार्यसम्पादनमा सुधार आई अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४ अनुसार कार्यसम्पादनको आधारमा प्राप्त हुने समानीकरण अनुदानको हिस्सामा बृद्धि भएको छ ।

6. नगरपालिकाको केन्द्र देखि सबै वडाहरुमा सडक संजाल जोड्न सफल भएका छौँ । जस अन्तर्गत करिव १५00 मीटर सडक ग्राभेल र नयाँ ट्र्याक करिब १५०० मिटर असार मसान्तसम्म सक्ने गरी निर्माण कार्य अगाडी वढेको र नगरभित्रका ७२ वटै सडकहरुको मर्मत तथा स्तरोन्नती गरी आम नगरवासीलाई यातायात सुविधामा सहजता ल्याईएको छ ।

7. भवन निर्माणका कार्यहरु अन्तर्गत नगरपालिकाको आधुनिक प्रशासनिक भवन, वडा कार्यालयको २ वटा भवनको निर्माण भई २ वटा भवन निर्माण भईरहेका छन, नगरका १४ वटै वडामा १६ वटा स्वास्थ्य संस्था स्थापना गरी सेवा प्रवाह गर्न सफल भएका छौँ साथै ४ वटा स्वास्थ्य चौकीका भवनहरु निर्माण गरिएको छ ।

८. सुरईकोट पर्यटकीय क्षेत्रको विकासका लागि पार्क निर्माण भईरहेको र मंगलसेन दरबार क्षेत्र, भट्टे मालिका, सुरैकोट पर्यटकीय क्षेत्रको विकासका लागि पार्क निर्माण भईरहेको र भट्टे मालिका, सुरईकोट पर्यटकीय क्षेत्र, मालिका ठूलासैन क्षेत्र, धुम्रलोचनी, जनालीझरना, अयारको बण्ड, कैलाशमुठ, जुपु कालिका मन्दिर, चित्रे दोभान क्षेत्रको विकासका लागि कार्य भईरहेको छ ।

9. खेलकुद क्षेत्रको विकासका लागि मंगलसेन नगरपालिका वडा नं. ५ मा २० रोपनी जग्गामा मंगलसेन वृहत खेलमैदान निर्माणको कार्य निरन्तर भईरहेको छ ।

10. उज्यालो नगर बनाउने नगरपालिकाको नीति अनुरुप १३ वडामा विद्युत विस्तार भईसकेको छ र वडा नं १३ मा पनि विद्युत विस्तारको कार्य अगाडी बढिरहेको र बैकल्पिक उर्जा अन्तर्गत पालिकाका विभिन्न ४९ वटा सार्वजनिक स्थानमा सौर्य वत्ती जडान गरिएको छ ।

11. नगरपालिकाको १० वर्षे शैक्षिक योजना निर्माण गर्नुको साथै स्थानीय पाठयक्रम समेत निर्माण भएको छ साथै ५ वर्षे कार्यकालमा ८ कोठे भवन १ वटा, ४ कोठे भवन ५ वटा, २ कोठे भवन ९ वटा निर्माण तथा ICT ११ वटा , विज्ञान प्रयोगशाला ८ वटा, पुस्तकालय १० वटा विद्यालयमा, खानेपानी ५ वटा विद्यालयमा, घेरा पर्खाल १ वटा र खेलमैदान एउटा निर्माण गरिएको छ ।

१२. अछाम बहुमुखी क्याम्पसलाई डिग्री सम्मको अध्यापन गर्नका लागि स्रोत साधनको व्यवस्थापन तथा कैलाश बहुमुखी क्याम्पसमा भौतिक पुर्वाधार विकास गरिएको छ र अछाम बहु प्राविधिक शिक्षालय स्थापनार्थका लागि नगरको वडा नं ३ मा ४१ रोपनी जग्गा निःशुल्क व्यवस्थापन गरिएको छ ।

13. घुम्ति ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम सञ्चालन गरि गर्भवतिको लागि निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिएको छ साथै नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी हिंसामा परेका महिलाहरुलाई अनुदान तथा विउँ पुजी वितरण गरिएको छ ।

14. नगरपालिका क्षेत्र भित्रका ५९ जना सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरीएको छ ।

15. अपाङगता भएका व्यक्तिहरुको उपचारका लागि अपाङ्ग बाल अस्पताल केन्द्र HRDC काभ्रेसँग सम्झौता गरी ६३ जनाको निःशुल्क उपचार गराईएको छ ।

16. स्वास्थ्य क्षेत्रका विभिन्न क्रियाकलाप अन्तर्गत गाउँघर क्लिनिक संचालन, निःशुल्क शिवीर संचालन, मातृशिशु सुरक्षा, स्वास्थ्य उपकरण सहयोग गरिएको छ । साथै भौगोलिक विकटतालाई मध्यनगर गरी मंगलसेन नगरपालिका वडा नं १३ को बाँडामा बर्थिङ्ग सेन्टरको स्थापना गरी संचालनमा ल्याईएको छ ।

17. अछाम अस्पतालमा अक्सिजन प्लान्ट जडानको लागि र बयालपाटा अस्पताललाई व्यवस्थापन संचालन खर्च वापत ५ लाख अनुदान सहयोग उपलब्ध गराईएको छ ।

18. **आफ्नो जग्गा आफ्नो बारी बाँझो नराखी बनाऔ हरियाली** भन्ने नारालाई सार्थकता दिन वडा नं १२ र १४ मा आलु पकेट क्षेत्र, वडा नं ११ र १२ मा सुन्तला पकेट क्षेत्र र वडा नं ९ लाई धान पकेट क्षेत्रको विकास गरिएको छ ।

19. नश्ल सुधारका लागि १६ जना कृषकहरुलाई उन्नत जातका बोका वितरण गरिएको छ र १ जना कृषकलाई डिपिङ्ग ट्याङ्की अनुदान सहयोग गरिएको छ ।

20. मध्यपहाडी दुग्धविकास कार्यक्रम अन्तर्गत मंगलसेन नगरपालिका वडा नं ६ का समूहमा आवद्ध कृषकहरुलाई भैसीको नश्ल सुधारका लागि राँगा वितरण एवं गोठ व्यवस्थापनका लागि अनुदान सहयोग उपलब्ध गराईएको छ र दुध उत्पादनमा बृद्धि गर्न वडा नं ७ लाई भैसी पकेट क्षेत्रको रुपमा विकास गरिएको छ ।

21. मत्स्यपालन कार्यक्रम अन्तर्गत २ जना कृषकलाई अनुदान सहयोग उपलब्ध गराईएको छ ।

22. मंगलसेन नगरपालिकाको वडा नं १३ लाई बाख्रापालन पकेट क्षेत्र घोषणा गरी कृषकहरुको आय स्तरमा बृद्धि गर्ने कार्यक्रमलाई अवलम्बन गरिएको छ ।

23. नगरपालिकाले सम्पन्न गरेका सबै काम कारवाही तथा सुचनाहरुलाई प्रविधिमैत्री बनाउन विभिन्न पोर्टल प्रविधि औजारको (स्पार्ट पालिका एप्स, पूर्वाधार व्यवस्थापन प्रणाली, पालिकाको ५ बर्षे प्रगति समिक्षा औजार तथा सरकारका अन्य पोर्टलहरु) प्रयोग गरी कार्यान्वयन गरिएको छ ।

24. विद्युतिय शासन प्रवर्द्धन गर्दै १४ वटै वडा कार्यालयमा ईन्टरनेट सेवा विस्तार, सवै वडा कार्यालयवाट अनलाईन व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण कार्य व्यवस्थित गर्न १४ वटै वडाका लाभग्राहिहरुलाई वैङ्किक प्रणालीमा आवद्ध गरिएको छ ।

25. प्रगतिशिल करको सिद्धान्त अनुसार करको दायरालाई फराकिलो पार्दै नगरपालिका भित्र संचालनमा रहेका व्यापार व्यवसाय, साना उद्योगीहरुलाई करको दायरमा ल्याई आन्तरिक राजश्व संकलनमा बृद्धि गरिएको छ ।

26. नगरपालिकाको बजेट, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारीता ल्याउन जनशक्ति व्यवस्थापनको लागि क्षमता विकास योजना र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको छ ।

27. नगरपालिकामा १ ईजालस कक्षको व्यवस्थापन तथा १४ वटा वडालाई पायक पर्ने गरी ५ वटा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।

28. लैंङ्गिक उत्तरदायी बजेट परीक्षणको सुरुवात गर्नुको साथै लैङ्गिक हिंसा न्यूनीकरणका लागि सेफ हाउस, UNFPA, IPAS, CMC नेपालसँग साझेदारी गरी कार्यक्रम संचालन गरिएको छ ।

29. विपद् व्यवस्थापन तथा कार्यसंचालन निर्देशिका बमोजिम बाढी, पहिरो, हावाहुरी, आगलागी भई विपदमा परेका ६५ जना व्यक्तिहरुलाई राहत सहयोग उपलब्ध गराईएको छ ।

30. नदीजन्यवस्तु (ढुंगा, गिट्टी, बालुवा) उत्खनन गर्दा वातावरणामा पर्ने प्रभाव जोगाउन चित्रे छायतडाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको छ र फोहोरजन्य वस्तुबाट समाजमा पर्न सक्ने असर तथा जैवीक फोहोरबाट ग्याँस उत्पादन गरी वैकल्पिक उर्जाको रुपमा प्रयोग गर्न सक्ने विषयमा मंगलसेन नगरपालिका वडा नं ६ मा ल्याण्डफिल्ड साईडको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको छ ।

31. नगरपालिकामा ५१ जनालाई पूर्ण रोजगार र करिव ८०० जनाले १०० दिन वरावरको रोजगार सिर्जना गर्नुको साथै यूवाहरुलाई स्वरोजगार मार्फत आत्मनिर्भर वनाउन लघुउद्यम कार्यक्रम, सिप विकास कार्यक्रम मार्फत ३०० जनालाई क्षमता विकास तालिम दिईएको छ ।

32. नगरभित्र संचालित व्यावसायहरुलाई दर्ता प्रक्रियामा ल्याउन प्रोत्साहन गर्न २० प्रतिशत छुटको व्यावस्था र महिलाको नाममा भएमा थप १० प्रतिशत छुटको व्यवस्था गरी व्यावसाय दर्ता प्रक्रिया कार्य अगाडि बढाई बजार क्षेत्रका करिब ७५ प्रतिशत व्यापार व्यावसाय दर्ता गरिएको ।

33. विद्यालयमा इ-लाइब्रेरी संचालनमा ल्याइएको छ ।

34. अछाम बक्सिंग संघलाई रु. २ लाख विनियोजन गरिएको ।

35. खेलाडिहरुको क्षमता अभिवृद्धी तथा प्रोत्साहनको लागि विभिन्न ठाउँमा आयोजना भएका खेलकुद कार्यक्रममा सहभागि हुन आवश्यक सहयोग गरिएको ।

36. वादि समुदायको परम्परागत सिप विकासको लागी मादल व्यवसाय प्रवर्द्धन गर्न आवश्यक सहयोग गरिएको ।

37. वाक नेपालसंगको सहकार्यमा राधा मावि, शोडषा मा.वि, गंगा मा.वि. र जाल्पा मा.वि.मा कक्षा ९ देखी १२ मा अध्ययनरत १४ जना छात्र र २१ जना छात्रा गरी जम्मा ३५ जना लाई १२ हजारका दरले ४ लाख २० हजार छात्रवृति दिइएको साथै ४२ जना विपन्न यूवाहरुलाई उद्यमशिलता विकास तालिमा दिई स्वरोजगार वन्न प्रेरित गरिएको छ ।

38. दलित महिला संघ अछाम र नगरपालिकाको समन्वयमा २१ जना सिमान्तकृत महिला र १५ जना जनप्रतिनिधि महिलाहरुलाई रु २० हजारका दरले विंउ पूँजी वितरण गरियो ।

39. घुम्ती सेवा मार्फत वडा कार्यलयमा नै गई योजना सम्झौता तथा उपभोक्तालाई अभिमुखीकरण कार्य १४ वटै वडामा सम्पन्न भइ योजनाको कार्य सम्पन्नतामा सहजता ल्याएको छ ।

40. १४ वटै वडाहरुमा एक एक विद्यालयमा शिक्षा गुणस्तर अभिवृतिको लागी विद्यालय, अभिभावक, विद्यार्थी, शिक्षक र शिक्षा शाखा विच अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

41. आलु पकेट क्षेत्र निरन्तर म.न.पा १२ र १४, सुन्तला पकेट क्षेत्र म.न.पा. ११ र १२, बाखा पकेट क्षेत्र म.न.पा. १३ मा संचालनका लागी सुचारु भएको छ ।

42. उच्च पहाडि एवम् हिमाली क्षेत्र समृद्दि कार्यक्रम आयोजना अर्न्तगत डम्पिङ साईड सडक ग्रावेल र धैडेनि सिचाँई कुलो निर्माण कार्य सञ्चालन भईरहेको छ ।

**सभाध्यक्ष महोदय,**

43. **अब म आर्थिक बर्ष २०७९।०८० को बजेटका उदेश्यहरु प्रस्तुत गर्ने अनुमती चाहान्छुः–**

- उपलब्ध साधन स्रोत, अवसर र सम्भावना पहिचान र उपयोग गरी उच्चतम आर्थिक बृद्धि हासिल गर्न सामाजिक क्षेत्रको विकासमा जोड दिने ,
- बजेटलाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्दै आम नगरवासीमा अपनत्व सृजना गराउने,
- नगर भित्रका व्यापारिक क्षेत्र, कृषि पकेट क्षेत्र, ऐतिहासिक धार्मिक क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा व्यवस्थित गरी आर्थिक क्रियाकलापमा विस्तार गर्ने ।
- रोजगारीको सृजना गर्दै गरिबी न्यूनीकरण गर्ने,
- जनसहभागिता, जवाफदेहिता, कानूनी शासन, पारदर्शीताको प्रवर्द्धन गर्दै सुशासन कायम गर्ने,
- सार्वजनिक सेवा प्रवाहलाई सरल सहज बनाउन विद्युतीय शासन अवलम्बन गर्ने ।

**सभाध्यक्ष महोदय,**

४४. **अब म आर्थिक बर्ष २०७९/०८० को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

- **"नगर सरकार जनताको घरघर"** भन्ने नारालाई सार्थकता प्रदान,
- नागरिकका लागि काम र रोजगारीका अवसर, खाद्य सुरक्षा, सुरक्षित आवास, सर्वकालिन सामाजिक सुरक्षा र संरक्षण,
- योजनावद्ध विकास, विद्युतीय शासन, भ्रष्टाचार मुक्त नगरपालिका, प्रगतिशिल कर प्रणाली,
- व्यावसायीक कृषि मार्फत तरकारी, खाद्यान्न, फलफुल, दुध र मासुजन्य उत्पादनमा बृद्धि,
- एकिकृत घुम्ती सेवा, कृषि, पशु र स्वास्थ्य बीमा, राहत जस्ता सामाजिक संरक्षण तथा सुरक्षाका कार्यक्रमहरु,

- स्थानीय उत्पादन प्रवर्द्धन, युवा उद्यम विकास तथा रोजगार र सहकारी,
- गुणस्तरीय शिक्षा, छात्रवृत्ती तथा स्थानीय भाषा, कला, सीप, संस्कृतीको संरक्षण तथा प्रवर्द्धन,
- खेल प्रवर्द्धन तथा लक्षित वर्ग उत्थान,
- संघ, प्रदेश, स्थानीय र गै.स.स. बीच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास ।
- उर्जा, भवन, सडक, खानेपानी र सरसफाई,
- जनशक्ति विकास,

**सभाध्यक्ष महोदय,**

45. **अब म आगामी आर्थिक बर्ष २०७९।०८० का योजना तथा बजेट तर्जुमा गर्दा लिईएको आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छुः–**

- नेपालको संविधान, २०७२ को प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्यप्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- स्थानीय सरकार संचालन ऐन २०७४,
- दिगो विकास लक्ष्य,
- पन्ध्रौ पञ्चबर्षीय योजना,
- नेपाल सरकारको नीति तथा कार्यक्रम,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारको नीति तथा कार्यक्रम,
- स्थानीय तह संस्थागत स्वःमूल्याङ्कनका आधारहरु,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन,
- विगतका नगरसभा र नगर कार्यपालिकाका निर्णयहरु,
- महालेखा परीक्षकको वार्षिक प्रगति प्रतिवेदनबाट प्राप्त सुझावहरु,
- स्थानीय नागरिक समाज, राजनीतिक दल, बुद्धिजिवी, शिक्षक, संचारकर्मी, पूर्व जनप्रतिनिधि र विभिन्न संघसंस्थाहरुबाट प्राप्त सुझाव,
- हालसम्म प्राप्त उपलब्धी तथा अनुभव ।

**सभाध्यक्ष महोदय,**

46. **आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका प्रमुख चुनौतीहरु प्रस्तुत गर्दछु ।**

- सिमीत स्रोत र साधन ।
- राजश्व परिचालनमा कठिनाई ।
- संघ र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड वापतको रकम पुरै प्राप्त नहुनु ।
- वास्तविक गरिब, विपन्न, असहाय, सिमान्तकृत समुदायलाई सामाजिक संरक्षण गर्नु ।
- जनताको विकास प्रतिको अत्याधिक चाहना ।
- आवधिक तथा क्षेत्रगत योजना निर्माण गर्नु ।
- कर्मचारी तथा जनप्रतिनिधिहरु बिच बिषयगत क्षेत्रको ज्ञानको कमी ।
- बजेट खर्च प्रणाली व्यवस्थित गर्नु ।
- रोजगारी सिर्जना गर्नु ।
- असारे विकासलाई रोक्नु ।
- मदिरा विक्रि वितरण कार्यलाई व्यवस्थापन गर्नु ।
- कृषि तथा पशुजन्य वस्तुहरुको विक्रि वितरण हाटबजारलाई व्यवस्थापन गर्नु ।

**सभाध्यक्ष महोदय,**

47. **आ.व. २०७९।०८० को बजेटलाई सफल पार्ने प्रमुख सम्भावनाहरु प्रस्तुत गर्दछुः–**

- राजश्व सुधार योजना अनुसार राजश्वको व्यापक क्षेत्र र दायरा गर्न सकिने,
- आन्तरिक तथा बाह्य पर्यटन व्यवसायको सम्भावना,
- स्वास्थ्य सेवा, शिक्षा तथा व्यापारिक तथा आवासिय केन्द्र,
- कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि खेतीयोग्य जमीन, चरण क्षेत्रको पर्याप्तता,
- युवा लक्षित विविध कार्यक्रम संचालन गरी विकासमा जनसहभागिता बढाउन सकिने,
- सामाजिक विकासका कार्यक्रम संचालनका लागि विभिन्न गै.स.स. तथा ठूला पूर्वाधार विकास कार्यक्रम संचालनका लागि संघ र प्रदेशसँग लागत साझेदारी गर्न सकिने,
- वनस्पतीजन्य कच्चा पदार्थ उत्पादनको सम्भावना,
- वडास्तरबाट सम्पादन हुने सेवाहरु विद्युतीय शासन प्रणाली मार्फत विस्तार,
- गरिबी र बेरोजगारी न्यूनीकरणका लागि गरिब, विपन्न लक्षित अनुदान कार्यक्रम विस्तार गर्न सकिने,

- सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम संचालन,
- खरिद गुरु योजना मार्फत सार्वजनिक खर्च गर्न सकिने ।

५८. आर्थिक बर्ष २०७९।०८० मा प्रगतिशिल करको सिद्धान्त अनुसार करको दरमा बृद्धि नगरी करको फराकिलो दायरा बढाउन व्यवसाय दर्ता तथा नविकरण शुल्क घटाउने व्यवस्था मिलाएको छु, महिला व्यवसायीलाई प्रोत्साहन गर्न महिलाका नाममा दर्ता हुने व्यवसाय दर्ता शुल्कमा २५ प्रतिशत छुट दिने, सम्पत्ती कर आर्थिक बर्षको पहिलो ३ महिनामा बुझाउने करदातालाई १० प्रतिशत कर छुटको व्यवस्था मिलाएको छु । साथै नगर भित्र उत्खनन हुने ढुंगा, गिट्टी, बालुवा विक्रि वितरणलाई करको दायरमा ल्याउन चित्रे छायतडा क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको आधारमा बालुवा उत्खनन तथा विक्रि वितरण गर्न ठेक्का मार्फत अगाडी बढाईने व्यवस्था मिलाईनेछ र नगर क्षेत्र भित्रमा गिट्टी तथा ढुंगा उत्खनन् कार्य व्यवस्थित गर्न करको दायरामा ल्याईनेछ ।

**सभाध्यक्ष महोदय**

५९. अब म आर्थिक वर्ष २०७९।८० को राजश्व परामर्श समितिको सुझाव तथा आर्थिक ऐन २०७९ ले तय गरेको राजश्व संकलनको दर र क्षेत्र पहिचान सहितको आन्तरिक राजश्व संकलनको सीमा र स्रोत अनुमान तथा सीमा निर्धारण समिति द्वरा निर्धारित संघीय सरकारबाट वित्तीय हस्तान्तरण अनुदानबाट प्राप्त रकम, सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हस्तान्तरण अनुदानबाट प्राप्त रकम र संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड र सवारी साधन कर बापत प्राप्त हुने रकम लाई निर्धारण गरे अनुसार मंगलसेन नगरपालिकाको आय अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

| क्र. सं. | स्रोत | गत आ.व. २०७७।७८ को यथार्त | चालु आ.व. २०७८।७९ को संशोधित अनुमान | आगामी आ.व. २०७९।८० को अनुमान |
|---|---|---|---|---|
| **आय** | | | | |
| **१** | **संघीय सरकार बाट प्राप्त वित्तीय हस्तान्तरण** | | | |
| | समानीकरण अनुदान | ११ करोड २६ लाख | ११ करोड ४७ लाख | १२ करोड २९ लाख |
| | ससर्त अनुदान | ३१ करोड ४ लाख ८१ हजार | ३० करोड ३० लाख २६ हजार २ सय ५० | २८ करोड ९ लाख |
| | विशेष अनुदान | | | ८० लाख |
| | समपुरक अनुदान | ४ करोड | | १ करोड ४० लाख |
| **२** | **सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण** | | | |
| | समानीकरण अनुदान | ७० लाख ९५ हजार | ८० लाख ८१ हजार | ८५ लाख १५ हजार |
| | ससर्त अनुदान | ५१ लाख १५ हजार | २० लाख ६ हजार | |

| | | | | |
|---|---|---|---|---|
| | विशेष अनुदान | ६८ लाख | ५० लाख | २५ लाख |
| | समपुरक अनुदान | ९८ लाख ४४ हजार | १ करोड १४ लाख ६८ हजार | २५लाख ३० हजार |
| **३** | **राजश्व बाँडफाँड** | | | |
| | संघीय राजश्व बाँडफाँड | ८ करोड ५७ लाख | ९ करोड ८६ लाख | ११ करोड ९५ लाख ५ हजार |
| | प्रदेश सवारी साधन कर | ४४ लाख ४४ हजार | ५५ लाख | ६४ लाख ७९ हजार |
| **४** | **आन्तरिक स्रोत** | | | |
| क. | राजश्व परिचालन | ७७ लाख ९६ हजार | १ करोड ५ लाख | १ करोड ५ लाख |
| ख. | बैंक मौज्दात | ४ करोड २१ लाख | ४ करोड ८ लाख | २ करोड ५० लाख |
| **जम्मा** | | **६३ करोड १९ लाख ७५ हजार** | **५९ करोड ९६ लाख ८१ हजार २ सय ५०** | **६० करोड ८ लाख २९ हजार** |

**सभाध्यक्ष महोदय,**

५०. आर्थिक वर्ष २०७९।८० मा नगरपालिकाको संचित कोषमा प्राप्त हुने सम्पूर्ण अनुदान र आन्तरिक राजश्व परिचालन बापत संकलित राजश्व र गत आर्थिक वर्षको बैंक मौज्दात समेत गरी वार्षिक आय अनुमान ६० करोड ८ लाख २९ हजार रहेको छ । सरकारले प्राप्त गर्ने आम्दानीलाई वार्षिक रुपमा योजना तर्जुमा गरी विनियोजन ऐन बनाई खर्च गर्नुपर्ने संवैधानिक व्यवस्था अनुसार मंगलसेन नगरपालिकाको **विनियोजन ऐन, २०७९** अनुसारको खर्च अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

| क्र.स. | शीर्षक | व्यय अनुमान रकम | कै. |
|---|---|---|---|
| १ | प्रशासनिक तथा कार्यालय संचालन तर्फ | ११ करोड | |
| २ | विकास बजेट | १८ करोड २८ लाख ९९ हजार | |
| ३ | संघीय ससर्त | २८ करोड ९ लाख | |
| ४ | संघीय समपुरक | १ करोड ४० लाख | |
| ५ | संघीय विशेष | ८० लाख | |
| ६ | प्रदेश समपुरक | २५ लाख ३० हजार | |
| ७ | प्रदेश विशेष | २५ लाख | |
| **जम्मा ६० करोड ८ लाख २९ हजार** | | | |

**सभाध्यक्ष महोदय,**

51. अब म आर्थिक बर्ष २०७९।०८० को विभिन्न क्षेत्रगत विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छुः–

**<u>प्रशासनिक तथा कार्यालय संचालन तर्फ (कूल विनियोजित बजेट रु.११ करोड ८० लाख मात्र)</u>**

52. आर्थिक वर्ष २०७९।८० को दैनिक कार्यालय संचालन र प्रशासनीक कार्यका लागी रु.११ करोड बजेट विनियोजन गरेको छु ।

5३. संस्थागत तथा सुशासन क्षेत्रको विकासका लागी आवधिक योजना निर्माणको लागि रु.१५ लाख, नगरपालिकाको वस्तुगत विवरण तयार गर्न रु.१२ लाख, नीति कानून निर्माण तर्फ रु. ५ लाख, न्याय सम्पादन तथा व्यवस्थापन कार्यलाई सहजता बनाउन, मेलमिलाप केन्द्र व्यवस्थापन, इजलास व्यवस्थापनको लागि रु. ७ लाख, विद्युतीय सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन रु.३० लाख, उत्तरदायित्व, पारदर्शीता, जवाफदेहिता कायम गराउन सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण गर्न आवश्यक बजेट विनियोजन गरेको छु साथै सक्षम संगठन सुदृढ सेवा प्रवाह भन्ने मुल नारा लिदै संस्थगत क्षमता विकासका लागि रु.११ लाख विनियोजन गरेको छु ।

5४. नगरपालिका मार्फत प्रवाह हुने सेवालाई नागरिक समक्ष पुर्याउन विभिन्न संचारमाध्यमहरुको उपयुक्त प्रयोगका लागि संचार माध्यमसँग अन्तरक्रिया, सहकार्य र समन्वय गर्न रु.१५ लाख विनियोजन गरेको छु ।

**<u>सामाजिक विकास तर्फः</u>** ३१ करोड ६४ लाख २५ हजार

**शिक्षाः (कुल विनियोजित बजेट ससर्त सहित रु.२२ करोड १ लाख )**

**55.** गुणस्तरिय शिक्षा आजको आवस्यकता अनुसार नगरपालिकाले नगर शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरताका लागि रु.९० लाख विनियोजन गरेको छु ।बालविकास केन्द्रका सहजकर्ताहरुको थप तलबको लागि रु.१ करोड २० लाख विनियोजन गरेको छु ।

**56.** नगरपालिकामा संचालित अछाम बहुमुखी क्याम्पस र कैलाश बहुमुखी क्याम्पसलाई शैक्षणिक कार्य सुधारका लागि अनुदानको व्यवस्था गरेको छु साथै उच्च प्राविधिक शिक्षा आर्जन गरिरहेका विपन्न, गरिब,दलित, महिला तथा जेहेन्दार विद्यर्थीहरुलाई छात्रबृत्तीको लागि रु.५ लाख विनियोजन गरेको छु ।

57. विद्यालय खाजा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन तथा सिकाई उपलब्धीदर बृद्धि गर्नका लागि भान्छाघर व्यवस्थापन र कक्षाकोठा मर्मतका लागि रु. २० लाख विनियोजन गरेको छु ।

58. शिक्षकहरुको मनोबल बढाई सिकाई उपलब्धीमा बृद्धि गर्न तहगत रुपमा उत्कृष्ट शिक्षक प्रोत्साहनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

59. शैक्षिक क्रियाकलाप अन्तर्गत सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा छपाई र विद्यार्थीहरुको सिर्जनात्मक क्रियाकलाप संचालनका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

60. खेलकुद विकास कार्यक्रमको लागि रु.१५ लाख विनियोजन गरेको छु ।

61. स्थानीय भाषा, कला, संस्कृतीको संरक्षण एवम् सम्बर्द्धन गर्न रु.२ लाख विनियोजन गरेको छु ।

**स्वास्थ्यः (कुल विनियोजित बजेट ससर्त सहित रु.६ करोड ३३ लाख )**

62. जेष्ठ नागरिक, दिर्घरोगी, विपन्न नागरिकहरुको स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न निःशुल्क स्वास्थ्य बीमाको लागि रु.१० लाख विनियोजन गरेको छु ।

63. नगर प्रमुखसँग घुम्ती डाक्टर सेवा कार्यक्रमको लागि रु.१० लाख विनियोजन गरेको छु । र भौगोलिक रुपमा अस्पतालबाट टाढा रहेका मंगलसेन न.पा. १२ को छापडाँडा र १३ को बस्तीमा हेलिप्याड निर्माणको लागि रु.७ लाख विनियोजन गरेको छु ।

64. नगरपालिका भित्र रहेका १७ वटा स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीको अभाव हुन नदिन जनशक्ती व्यवस्थापनको लागि रु. ९२ लाख र औषधी अभाव हुन नदिन रु. २० विनियोजन गरेको छु ।

65. नगर भित्र कार्यरत महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिँदै रु. ६ लाख विनियोजन गरेको छु ।

66. स्वस्थ जीवनका लागि योग तथा आयुर्वेद सम्बन्धि कार्यक्रमको लागि, स्वास्थ्यकर्मीको क्षमता विकास, रेडियो स्वास्थ्य शिक्षा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

67. स्वास्थ्य क्षेत्रको सेवा सुविधालाई थप प्रभावकारी बनाउन मंगलसेन नगरपालिका वडा नं.३ को दय र  नं.१३ को डाडिगडेमा सामुदायी स्वास्थ्य केन्द्र संचालनको लागि जनशक्ति व्यवस्थापन गर्न आवश्यक

व्यवस्था मिलाएको छु र वडा नं.१३ वस्तीमा स्वास्थ्य चौकी भवन निर्माणका लागि रु.८० लाख विनियोजन गरेको छु ।

68. खोप व्यवस्थापन भण्डारको लागि प्रदेश विशेष अनुदान मार्फत रु. २५ लाख विनियोजन गरेको छु।

**महिला, बालबालिका तथा जेष्ट नागरिक तर्फः (कूल विनियोजित बजेट ससर्त सहित रु.४६ लाख २५ हजार)**

**69. नगर सरकार जनताको घरघर** नारालाई कार्यान्वयन गर्न उपमेयर सुत्केरी उद्धार कार्यक्रमको लागि रु. ५ लाख र जनता घरदैलो सेवा कार्यक्रमको लागि रु.४ लाख बजेट विनियोजन गरेको छु ।

70. अनाथ, टुहुरा, एच.आई.भी. संक्रमित बालबालिकाहरुको संरक्षणका लागि बालसंरक्षण कोष स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

71. महिला हिंसा न्यूनीकरण, अपाङ्ग बालबालिकाको उपचारको लागि गैर सरकारी संस्था साझेदारी कार्यक्रमको लागि रु.१५ लाख विनियोजन गरेको छु ।

72. महिनावारी व्यवस्थापन अभियानलाई सफल पार्न नगर भित्रका सम्पूर्ण आमा समूहहरु परिचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

73. एकल महिला, दलित, अल्पसंख्यक, फरक क्षमता भएका व्यक्ति लगायत लक्षित वर्गको सीप विकास गरी आयस्तरमा बृद्धि गर्नको लागि सीप मूलक कार्यक्रम संचालनको लागि रु. ४ लाख विनियोजन गरेको छु ।

74. दलित र महिलाको नेतृत्व विकास गर्न क्षमता विकास सम्बन्धि तालिम तथा प्रशिक्षण कार्यक्रम संचालनका लागि रु. २ लाख विनियोजन गरेको छु ।

**रोजगार तर्फः ( कुल विनियोजित बजेट ससर्त सहित रु.१ करोड 5८ लाख )**

75. युवाहरुको नेतृत्व विकास गरी युवाहरुमा रहेको सिर्जनशिल क्षमतालाई नगर विकासका उपयोग गर्न युवा क्लब गठन तथा संचालनका लागि रु.५ लाख विनियोजन गरेको छु ।

76. युवा स्वरोजगार कार्यक्रम अन्तर्गत सीप विकास साझेदारी कार्यक्रमको लागि रु.५ लाख, परम्परागत सीप संरक्षण कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

77. नगर भित्र रहेका मुख्य सडक मर्मतका लागि सडक मर्मत समूह परिचालन गर्न रु.२० लाख विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाईः (कुल विनियोजित बजेट ससर्त सहित रु.१ करोड 2६ लाख )**

78. बजार सरसफाई, ढल निकास, सार्वजनिक शौचालय निर्माण तथा डम्पीङ्ग साईट व्यवस्थापनका लागि रु. २० लाख विनियोजन गरेको छु साथै नगर भित्रका नगर गौरवका लिफ्ट खानेपानी तथा अन्य खानेपानी व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

79. घट्टे खोला खानेपानी योजना म.न.पा.३ का लागि ससर्त बजेट मार्फत रु.४० लाख, खड्खडे खानेपानी म.न.पा.१४ निर्माणको लागि प्रदेश समपुरक अनुदान सहित रु.५० लाख ६० हजार विनियोजन गरेको छु ।

**<u>आर्थिक विकास तर्फः</u> (कुल विनियोजित बजेट ससर्त सहित रु.२ करोड ३४ लाख )**

**कृषिः (कुल विनियोजित बजेट ससर्त सहित रु.१ करोड ११ लाख )**

80. कृषकहरुको बालीमा प्राकृतिक तथा अन्य कारणबाट हुने क्षति न्यूनीकरण एवम् राहतको लागि कृषि बीमा कार्यक्रम र बाली क्षति राहत कार्यक्रम संचालनका लागि रु. ६ लाख ५० हजार विनियोजन गरेको छु ।

**81. एक घर एक करेसावारी, बाह्रै महिना तरकारी** कार्यक्रम अन्तर्गत मीनिकिट वितरणको लागि रु.३ लाख, मसलाबाली विस्तार कार्यक्रम, सिलपोलियन प्लाष्टिक वितरण कार्यक्रम, हिउँदे तथा बर्षे तरकारी बिउविजन वितरण कार्यक्रम, बाली संरक्षण कार्यक्रम, रेडियो कृषि कार्यक्रम, कृषि उपज प्रदर्शनी कार्यक्रम, उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

82. फलफूल विकास कार्यक्रम अन्तर्गत किवी, कागती, केरा खेती विस्तार गर्न रु. ३ लाख, बाली उपचार शिविर तथा माटो परिक्षणका लागि रु. ५ लाख, व्यवसायिक खेती प्रोत्साहनको लागि रु. ३ लाख, सुन्तला पकेट क्षेत्र कार्यक्रम निरन्तरताका लागि रु. ६ लाख विनियोजन गरेको छु ।

83. व्यवसायिक मौरीपालन कृषक अनुदान कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

84. वडा नं १४ हिमिने आलु पकेट विकासका लागि ससर्त अनुदान मार्फत रु. १२ लाख विनियोजन गरेको छु ।

**पशुः (कुल विनियोजित बजेट ससर्त सहित रु.६५ लाख )**

85. स्वस्थ्य जीवनको लागि पशुजन्य उत्पादन भन्ने कार्यक्रम अन्तर्गत व्यवसायिक भैसीपालन कृषक अनुदान कार्यक्रम संचालनको लागि रु. ५ लाख, व्यवसायिक बाख्रापालन कृषकको खोर सुधार कार्यक्रमको लागि रु. ४ लाख, युवा लक्षित व्यवासायिक प्रवर्द्धन कार्यक्रम अन्तर्गत बंगुर, कालिज र स्थानीय कुखुरापालनको लागि रु.४ लाख, मत्स्य प्रवर्द्धन कार्यक्रमको लागि रु.२ लाख विनियोजन गरेको छु ।

86. कृषकको पशु व्यवसाय प्रवर्द्धनका लागि कृषक पशु बीमा कार्यक्रमका लागि रु ५ लाख ५० हजार, पशुपंक्षी उपचार सेवा कार्यक्रमको लागि रु. ८ लाख ५० हजार, घाँसको बीउँ उत्पादन गर्न नर्सरी स्थापना गर्ने कृषकलाई प्रोत्साहन गर्न रु. २ लाख र अछाम गाई संरक्षण कार्यक्रम र पशु सम्बन्धि विशेषज्ञ सेवा प्रदान गर्न १ जना डाक्टर व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

87. मंगलसेन नगरपालिका वडा नं १३ मा बाख्रापालन पकेट निरन्तरताका लागि रु. ६ लाख विनियोजन गरेको छु ।

**सहकारीः (कुल विनियोजित रु. १८ लाख )**

88. नगर भित्र संचालित सम्पूर्ण सहकारीहरुलाई दर्ता, क्षमता विकास, व्यवस्थापन, खारेजी र नियमनलाई प्रभावकारी बनाई सक्रिय बनाउन रु. १८ लाख विनियोजन गरेको छु ।

**उद्योगः (कुल विनियोजित बजेट ससर्त सहित रु.३८ लाख )**

89. स्थानीय कच्चा पदार्थलाई उपयोग गरी उत्पादनमूलक तथा रोजगारमूलक उद्योग संचालन गर्ने उद्यमीहरुलाई प्रोत्साहन गर्न रु. ८ लाख विनियोजन गरेको छु ।

90. लघु उद्यम विकास कार्यक्रम (मेड्पा) संचालनका लागि रु. ३० लाख साथै कृषि तथा वनजन्य कच्चा पदार्थ उत्पादनमा बृद्धि गर्न टिमुर, रिठा, अल्लो, अम्रीसो जस्ता खेतीलाई प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

91. दलित समुदायको परम्परागत सीप संरक्षण तथा उपयोगको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**<u>पूर्वाधार विकास तर्फः</u> ( कुल विनियोजित बजेट ससर्त सहित रु.१० करोड १३ लाख ५४ हजार)**

92. नगर गौरवको आयोजनाको रुपमा रहेको बृहत मंगलसेन खेलमैदानको भौतिक पूर्वाधार निर्माण तथा जग्गा व्यवस्थापनको लागि रु. ७५ लाख विनियोजन गरेको छु ।

93. सान्नीकोट मन्दिर देखि नगरपालिकाको प्रशासनिक भवनसम्म जोड्ने सडकलाई कालोपत्रे गर्नको लागि संघीय समपुरक अनुदान सहित रु.२ करोड ८० लाख विनियोजन गरेको छु ।

94. नगरपालिकाको हल निर्माण तथा व्यवस्थापनको लागि रु.४० लाख, वडा नं.४ र ७ को क्रमागत भवन निर्माण तथा वडा नं.१४ को वडा कार्यालय भवन निर्माणको लागि रु.१ करोड ७० लाख विनियोजन गरेको छु ।

95. नगर भित्रका मुख्य सडक मर्मत तथा अन्य सार्वजनिक निर्माणको लागि रु.३३ लाख, झोलुङ्गे पुल विकास कार्यक्रमका लागि ससर्तको बजेटको रुपमा रु.२० लाख, सडक सौर्य वित्ती विकास र वैकल्पिक उर्जा विकास अन्तर्गत रु.३५ लाख विनियोजन गरेको छु ।

96. नगर भित्रका सडकको स्तरोन्नतीका लागि रोलर लगायतका निर्माण सामाग्री खरिदका लागि रु.७० लाख विनियोजन गरेको छु ।

97. नगरमा बसोवास गर्ने अल्पसंख्यक बादी समुदायको आवास निर्माणका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

**98. विपद् व्यवस्थापन तथा वन वातावरण संरक्षणका लागि रु. २२ लाख विनियोजन गरेको छु**

99. वडा कार्यालय तर्फ आम नागरिकका दैनीक आवश्यकता परिपूर्ती स–साना योजना निर्माण तथा मर्मत र कार्यालय संचालनका लागि वडागत बजेट विनियोजन गरेको छु ।

| वडा नं. | विनियोजित बजेट रु | कैफीयत |
|---|---|---|
| १ | ३१ लाख ५० हजार | |
| २ | १४ लाख ९० हजार | |
| ३ | ३५ लाख ३० हजार | |
| ४ | २९ लाख ८० हजार | |
| ५ | ३३ लाख ४० हजार | |
| ६ | २३ लाख | |
| ७ | २५ लाख ८० हजार | |

| | | |
|---|---|---|
| ८ | २२ लाख | |
| ९ | २६ लाख ५० हजार | |
| १० | २३ लाख | |
| ११ | २१ लाख ८० हजार | |
| १२ | ३५ लाख | |
| १३ | ३८ लाख | |
| १४ | ३४ लाख ५० हजार | |
| **जम्मा** | **३ करोड ९४ लाख ५० हजार** | |

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्ष २०७९।०८० मा यस नगर क्षेत्र भित्र कार्यक्रम संचालन गर्नको लागि विभिन्न संघ संस्थाहरुले प्रस्ताव गरेको कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।**

100. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र र मंगलसेन नगरपालिको साझेदारीमा लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम संचालनको लागि रु.३७ लाख लागत साझेदारी सहितको बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

101. मंगलसेन नगरपालिका वडा नं ४ राधा मा.वि., वडा नं ५ षोडशा मा.वि., वडा नं ६ को गंगा मा.वि. र वडा नं ७ को जाल्पा मा.वि. कार्यक्षेत्र रहने गरी वाक नेपालको जीवकोपार्जनका लागि युवा उद्यमी कार्यक्रमको लागि रु.६६ लाख १८ हजार ६ सय ५७ रुपैया लागत साझेदारी रहने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

102. मालिका विकास संघ र डि.सि.ए. नेपालको परिवर्तन परियोजना मार्फत सुशासन कार्यक्रमको लागि रु.३५ लाख ९५ हजार १ सय ९० रुपैया लागत साझेदारी रहने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

103. पिसविन नेपालको लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य परियोजना दोश्रो चरणका लागि लागत साझेदारी रहने गरी रु.१५ लाख ५३ हजार ७ सय २५ रुपैया बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

104. साथी संस्था र नगरपालिकाको लागत साझेदारी रहने गरि लैंगिक हिंसा निवारण तथा हिंसा प्रभावितहरुको जिवन रक्षा, सुरक्षार सशक्तिकरणको लागि रु.५ लाख ५८ हजार २ सय ८० रुपैंया बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

105. विकलाङ्ग मित्र समूह अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र बनेपा, काभ्रे संगको लागत साझेदारीमा संचालित कार्यक्रमका लागि साझेदारीमा संचालन गर्ने गरि कार्यक्रम प्रस्ताव गरिएको छ ।

**सभाध्यक्ष महोदय**

**अन्त्यमा**,

106 प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, बिषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यू, वडा अध्यक्ष तथा सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, शिक्षक, बुद्धिजीवी, नागरिक समाज, संचारकर्मी, विकास साझेदार सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगायत समस्त नगरवासी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**107.** **"नगर सरकार, जनताको घरघर"** भन्ने अभियानमा सबै पक्षको रचनात्मक सुझाव सल्लाह र सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद !**

२०७९ साल असार १० गते शुक्रवार ।